# मिति २०८० माघ २९ गतेको ११८औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

*प्रस्ताव नं. १*

नगर स्तरीय योजना परिवर्तन सम्बन्धमा (वडा नं. ७, १०, ११, १२ र १३)

*निर्णय नं.१*

प्रस्ताव नं १ माथि छलफल, गर्दा विभिन्न वडाबाट पेश भएका तपशील बमोजिमका नगरस्तरीय योजनाहरु परिवर्तन तथा रकमान्तर गर्ने। साथै मिनिटिलर माग गर्ने १४ वटै वडाका कृषकहरुलाई प्रति मिनिटिलर रु. २०,०००।- (बढीमा ५०% अनुदान रकम) जम्मा १३८ जनालाई मिनिटीलर वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | वडा/नगर/ शाखा | हालको कार्यक्रमको नाम | बजेट | परिवर्तन गरि समावेश गर्ने शिर्षक | बजेट |
|---|---|---|---|---|---|
| १ | कृषि शाखा | लागत सहभागितामा मौरीघार खरिद तथा वितरण कार्यक्रम | १०,००००० | मिनीटिलर वितरण | १०,००००० |
| २ | | लागत सहभागितामा तरकारी पकेट कार्यक्रम | १५,००००० | १. मिनिटिलर वितरण<br>२. मौरी पकेट निरन्तरता<br>३. पुरानो तरकारी पकेट निरन्तरता कार्यक्रम वडा नं ३, ७ र १३ | ३,०००००<br>३,०००००<br>९,००००० |
| ३ | वडा नं १० | समिचौर पार्क निर्माण | | समिचौर फुटपाथ निर्माण | |
| ४ | | गैरागाउं सिंडी बाटो निर्माण | | गैरागाउँ बाटो निर्माण | |
| ५ | नगरस्तरीय | टक्सार भन्ज्यांङ वाल निर्माण - वडा नं १० | ५,००००० | टक्सार वाल तथा बाटो ढलान | ५,००००० |
| ६ | | मझुवा प्रहरी चौकी भवन निर्माण-वडा नं १३ | २,००००० | मझुवा प्रहरी चौकी अधुरो भवन पुरा गर्ने | २,००००० |
| ७ | वडा नं १३ | सुशासन तथा संस्थागत विकास कार्यक्रम आ.व ०७९/८० क्रमागत | १,००००० | उपभोक्ता समिति तथा टोल विकास संस्थाका पदाधिकारी अभिमुखीकरण | १,००००० |
| ८ | | गुम्दी खोला सिंचाई योजना वडास्तरीय | २,००००० | कर्मशिङ खेत गुम्दी खोला कुलो निर्माण | २,००००० |
| ९ | | विविध शिर्षक मध्ये | ३,००००० | खहरे खोला पक्कीपुल रेलीङ निर्माण | रु. ६०,०००/- |
| १० | वडा नं ७ | थर्पु खेल मैदान आइ.इ.इ. गर्ने कार्य (क्रमागत) | ५,००००० | थर्पु बेलडाँडा खेल मैदान विस्तार (कटिङ कार्य) | ५,००००० |
| ११ | वडा नं ११ | कुमाल खोल्सी रेग्मी गाउँ खानेपानी वडागत | १,००००० | कुमाल गाउँ खोल्सी रेग्मी गाउँ सडक | १,००००० |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८० माघ २९ गतेको ११८औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | | बिरिमकाली बाजा समुह पन्चेबाजा खरिद | १,००००० | प्रगतिशील पन्चेबाजा समुह बाह्रकिलो, पन्चेबाजा खरिद | १,००००० |
| १३ | वडा नं १२ | खेलकुद मैदान निर्माण | १०,००००० | खेलकुद मैदान पूर्वाधार निर्माण | १०,००००० |

*प्रस्ताव नं. २*

गोरखा वहिरा संघमा दोभासे व्यवस्थापन सम्बन्धमा ।

*निर्णय नं. २*

प्रस्ताव नं २ माथि छलफल गर्दा गोरखा बाहिरा संघले विद्यालयमा सहज रुपले पठनपाठनको लागि एकजना दोभासे शिक्षकको लागि रु. ३ लाख बजेट माग गरेको र चालु आ.व.मा उक्त शीर्षकमा बजेट विनियोजन नभएका हुँदा न.पा.को सीप विकास तथा जनचेतना तालिम सम्बन्धी खर्च शीर्षकमा विनियोजित रकम रु. १० लाख मध्येबाट रकमान्तर गरी उक्त रकमको खर्च विवरण न.पा. मा पेश भएपछि भुक्तानी गर्ने गरी रु. ३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

*प्रस्ताव नं. ३*

भूमिहिन, दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीको फाराम त्रृटीपूर्ण भई सच्याउने प्रकृयामा रहेकोले राष्ट्रिय भूमी आयोग जिल्ला समिति गोरखालाई आवश्यक प्रकृया अगाडि वढाउन अनुरोध गर्ने सम्बन्धमा ।

*निर्णय नं.३*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गोरखा नगरपालिका भित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको विवरण NALCIS सिस्टममा प्रविष्टी (Entry) गर्दा तपसिल बमोजिमको प्राविधिक त्रृटी भएकोले उक्त त्रृटीहरू सच्च्याउनका लागि राष्ट्रिय भूमि आयोग, जिल्ला समिति गोरखा मार्फत राष्ट्रिय भूमि आयोगमा सिफारिस गरी पठाउने । साथै यस वाहेकका पेश भएका फाराममा उल्लेखित व्यक्तिहरुको हकमा आवश्यक प्रकृया अगाडि बढाउन संलग्न सुची बमोजिमका नामावली प्रमाणित गरी राष्ट्रिय भूमि आयोग जिल्ला समिति गोरखामा सिफारीस गरी पठाउने निर्णय गरीयो ।

त्रृटी सच्चाउनु पर्ने व्यक्तिहरुको विवरण

| क्र.सं. | निवेदन नं. | परिवार मुलिको नाम | नागरिकता नं. | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | AB184154 | सुक देउ सार्की | ७५००८ | ५ | वडा नं. १३ हुनु पर्नेमा वडा नं. ५ भएको |
| २ | BS049356 | मिन बहादुर सुनार | १३९५१० | ७ | भुमिहिन दलित हुनु पर्नेमा भूमिहीन मात्र भएको |
| ३ | AB184069 | पूर्ण बहादुर मगर | ४४-०१-७७-०६२३२ | ८ | दोहोरिएको अव्यवस्थितको सुचीबाट हटाउनु पर्ने |
| ४ | BD2045380 | धन बहादुर चेपाङ | २६-०१-७६-००५५७ | ९ | दोहोरिएको भूमिहीन दलितको सुचिबाट हटाउनु पर्ने |
| ५ | AB3087543 | लोक बहादुर सुनार | ९८०२८ | ९ | दोहोरिएको अव्यवस्थितको सुचिबाट हटाउनु पर्ने |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८० माघ २९ गतेको ११८औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | AB1567334 | पदम कुमारी थापामगर | १०४८२७ | ११ | वडा अध्यक्षको दस्तखत छुटेको |
| ७ | AB1560916 | सुरेन्द्र प्रसाद न्यौपाने | २९४७ | ११ | राजेन्द्र प्रसाद न्यौपाने हुनु पर्नेमा सुरेन्द्र प्रसाद न्यौपाने भएको |
| ८ | BS124407 | अर्जुन भुजेल | ४४३०१-७१ | १४ | वडा नं. ११ हुनु पर्नेमा १४ भएको |
| ९ | BD124349 | पत्रुस तामाङ | ४४-०१-७३-०२१९०६ | १३ | भूमिहीन सुकुम्बासी हुनु पर्नेमा भूमिहीन दलित भएको |
| १० | BD342993 | पर्न बहादुर वि.क. | ४४१०१९ | १३ | पुर्न बहादुर हुनु पर्नेमा पर्न बहादुर भएको र वडा अध्यक्षको दस्तखत छुटेको |
| ११ | BD049034 | सुरेश अधिकारी | ४४१०१९४८४ | १३ | भूमिहीन सुकुम्बासी हुनु पर्नेमा भूमिहीन दलित भएको र वडा अध्यक्षको दस्तखत छुटेको |
| १२ | BD049033 | विनोद वि क | ४४-०१-७५-०८७२५ | १३ | वडा अध्यक्षको दस्तखत छुटेको |
| १३ | AB3087951 | सरस्वती दराई | ४४३०१९ | १३ | दोहोरिएको अव्यवस्थितको सुचिबाट हटाउनु पर्ने |
| १४ | BD124366 | मानकाजी गुरूङ | ३८६६६ | १३ | भूमिहीन सुकुम्बासी हुनु पर्नेमा भूमिहीन दलित भएको |
| १५ | BD049002 | सझन थापा क्षेत्री | ४४३०१९ | १३ | सम्झना हुनु पर्नेमा सम्झन मात्र भएको |
| १६ | BS124352 | राज कुमार गुरूङ | ३३४४८ | १४ | वडा नं. १३ हुनु पर्नेमा १४ भएको |
| १७ | AB3098425 | सरस्वती अर्याल लामिछाने | ८९ | ११ | दावी विरोधको सुचनामा नपरेकोले हटाउनु पर्ने |
| १८ | BD2045384 | निर्मल थापा मगर | ४४१००१-१९०१ | ९ | भूमिहीन सुकुम्बासी हुनु पर्नेमा भूमिहीन दलित भएको |

*प्रस्ताव नं. ४*

भूमिहिन सम्बन्धमा वडां.नं. ८ ले प्रकाशन गरेको ईन्द्र वहादुर खत्रीको सूचनालाई नगरकार्यपालिका.वैठकद्धारा अनुमोदन गर्ने सम्बन्धमा ।

*निर्णय नं.४*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा न ८ ले इन्द्र बहादुर खत्रीको नाममा अव्यवस्थित बसोबासीको १५ दिने दावी विरोधको सुचना प्रकाशन गरेको तथा कुनै उजुरबाजुर नपरेकोले निजलाइ अव्यवस्थित बसोवासीको सुचीमा समावेश गरी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरीयो ।

*प्रस्ताव नं. ५*

गो.न.पा.वडा नं १ देविस्थान मन्दिर पुन:निर्माणमा अपुग भएको रकम रु. १,३३,६६४।- को सम्बन्धमा ।

*निर्णय नं.५*

प्रस्ताव नं. ५ माथि छलफल गर्द गो न पा वडा नं १ देविस्थान मन्दिर पुन:निर्माणमा अपुग भएको लागत सहभागिता बापतको नगरपालिकाको आम्दानी खातामा जम्मा हुन आएको रकम रु १,३३,६६४।- उक्त उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरीयो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८० माघ २९ गतेको ११८औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

*प्रस्ताव नं. ६*

वडा नं. ८ र वडा नं. १३ को कार्यालयको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

*निर्णय नं.६*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा कार्यालयहरुको सिफारिस बमोजिम वडा नं ८ को भवन निर्माणका लागि वडा नं ८ निवासी मुक्ति नारायण श्रेष्ठको नाममा रहेको कित्ता नं ४०३१ बाट ०-२-२-० जग्गा प्राप्त गर्ने र वडा नं १३ को भवन निर्माणको लागि वडा नं १३ निवासी राम बहादुर नेपाली सार्कीको नाममा रहेको कित्ता नं २२८ बाट ०-४-०-० जग्गा प्राप्त गर्ने निर्णय गरीयो ।

*प्रस्ताव नं. ७*

नगरपालिकाबाट सहभागी भई राष्ट्रपती रनीङ् शिल्ड प्रतियोगितामा पदक जित्ने खेलाडीहरुलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने सम्बन्धमा।

*निर्णय नं.७*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हालै सम्पन्न भएको राष्ट्रपति रनीङ्शिल्ड प्रतियोगितामा गोरखा नगरपालिका बाट सहभागी भइ पदक प्राप्त गरेका खेलाडीहरुलाइ पुरस्कार तथा सम्मान प्रदान गर्न सोही शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरीयो ।

*प्रस्ताव नं. ८*

गो.न.पा. ८ स्थित जङ्गलेधारा मुलको खानेपानी नगरपालिकाको कार्यालयमा ल्याई नियमित रुपमा खानेपानी व्यवस्थापन गर्ने सम्बन्धमा।

*निर्णय नं.८*

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गोरखा नगरपालिका र नगरपालिकासँगै रहेको रत्नलक्ष्मी मा. वि. मा खानेपानीको अत्यन्तै अभाव रहेकोले गोरखा नगरपालिका वडा नं. ८ स्थित जङ्गलेधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग सम्झौता गरि नगरपालिका भवनमा खानेपानी व्यवस्थापन गर्न प्राविधिकबाट तयार गरिएको लागत अनुमान बमोजिमको रु. १,७५,०६५।पैसा २०।- मर्मत संभार शीर्षकमा विनियोजित रु. ४० लाखबाट खर्च गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो।

*प्रस्ताव नं. ९*

गोरखा अस्पतालमा एकीकृत स्वास्थ्य कार्यक्रम सञ्चालनको लागि घरभाडा बापतको रकम मासिक रु. १५०००।- गोरखा अस्पताललाई उपलब्ध गराउने सम्बन्धमा।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८० माघ २९ गतेको ११८औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

*निर्णय नं.९*

प्रस्ताव नं. ९ माथि छलफल गर्दा हाल नगरपालिकाको आयुर्वेद शाखा खोलखोलेमा भाडाको घरमा सञ्चालन भईरहेको र उक्त आयुर्वेद शाखा गोरखा अस्पताल परिसरमा राख्दा नगरवासीले एकीकृत स्वास्थ्य सेवा पाउने भएकाले उक्त कार्यालयको लागि भुक्तानी हुँदै आएको घरभाडा बापतको रकम मासिक रु. १५०००।- गोरखा अस्पताललाई उपलब्ध गराउने र आयुर्वेद शाखा गोरखा अस्पतालमा राख्ने निर्णय गरियो ।

*प्रस्ताव नं. १०*

कृषि हाटबजार सञ्चालन गर्ने सम्बन्धमा ।

*निर्णय नं.१०*

प्रस्ताव नं. १० माथि छलफल गर्दा गोरखा नगरपालिकाको वडा नं ६ स्थित रानीपोखरी परिसरमा मिति २०८०/११/२६ गते देखि साप्ताहिक रुपमा प्रत्येक शनीबार कृषिमा आधारीत हाटबजार सञ्चालन गर्ने निर्णय गरीयो ।

*प्रस्ताव नं. ११*

बहुउद्धेशीय भवनमा ज्यालादारीमा सरसफाइ कर्मचारी राख्ने सम्बन्धमा ।

*निर्णय नं.११*

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बहुउद्धेशीय भवन तथा परिसर एवं शैचालयहरु सरसफाइ गर्नका लागि एक जना सरसफाई कर्मचारी मासिक ज्यालादारीमा नियुक्त गरी कामकाज लगाउने निर्णय गरीयो ।

*प्रस्ताव नं. १२*

गोरखा नगरपालिकाका बजार क्षेत्रमा रहेका रुखका हाँगाहरु कटान र सो कटान गर्दा लागेको खर्च रकमको भुक्तानी गर्ने सम्बन्धमा।

*निर्णय नं. १२*

गोरखा नगरपालिकाका बजार क्षेत्रमा रहेका पूराना रुखहरुका हाँगा झरी जुनसुकै समय धनजनको क्षति हुनसक्ने भएको हुँदा जिल्ला वन कार्यालयसँगको समन्वय र सहकार्यमा उक्त पुराना तथा जीर्ण रुखका हाँगाहरु कटान गर्ने र सो कटान गर्दा लागेको खर्च रकमको बिल भर्पाई बमोजिमको रकम भुक्तानी गर्न रु. १,००,०००।- (एक लाख) विपद् व्यवस्थापन शीर्षकमा विनियोजित रु. ३० लाखबाट खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत